## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३०/२०७९/०८०

## कानेपोखरी गाउँ कार्यपालिकाको बैठकमा पेश गरिएको प्रस्ताव सम्बन्धी विवरण

| बैठक संख्या र मिति: २/३०/२०७९/०८०, मिति: २०८०।०३।२४ गते | प्रस्ताव नं. |
|---|---|
| प्रस्तावको विषय | |
| कार्यसम्पन्न हुन बाँकी रहेको जनता आ.वि.वयरवनको भवन सम्बन्धमा। | १ |
| लक्ष्मी नारायण मन्दिर परिक्रमा पथ निर्माण सम्बन्धमा। | २ |
| कानेपोखरी अस्पतालको बजेट रकमान्तर गर्ने सम्बन्धमा। | ३ |
| कानेपोखरी बजारको कृषि सेड निर्माण कार्यको ठेक्का तोडने सम्बन्धमा। | ४ |
| पत्राकारलाई सम्मान गर्ने सम्बन्धमा। | ५ |
| बाईक मर्मत र ईन्धन सम्बन्धमा। | ६ |
| उपभोक्ता समिति मार्फत संचालित योजनाहरुको धरौटी र कन्टेन्जीन्सी हटाउनको लागी ऐन संशोधन सम्बन्धमा। | ७ |
| विविध। | ८ |

गाउँपालिका अध्यक्ष

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०८०।०३।२३ गते जानकारी भयो।

गाउँपालिका उपाध्यक्ष | १ नं. वडा अध्यक्ष | २ नं. वडा अध्यक्ष | ३ नं. वडा अध्यक्ष

४ नं. वडा अध्यक्ष | ५ नं. वडा अध्यक्ष | ६ नं. वडा अध्यक्ष | ७ नं. वडा अध्यक्ष

**गाउँ कार्यपालिकाका सदस्यहरु:**

पदम कुमारी कार्की | साउनी माझी | सुशिला श्रेष्ठ | प्रमिला परियार | झपटुलाल राजबंशी | सुफल मुर्मु

**मिति २०८०।०३।२४ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय**

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३०/२०७९/०८०

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष **श्री राजमती इङ्गनामज्यूको** अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी पूर्व निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन मितिः २०८०।०३।२४

बैठक सञ्चालन स्थानः कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, बयरवन, मोरङ।

बैठक बसेको समयः दिउँसो ३.० बजे।

### उपस्थिति

| सि.नं. | पदाधिकारीहरुको नाम, थर | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री राजमती इङ्गनाम | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री भोला प्रसाद अधिकारी | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री रत्न बहादुर कार्की | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री सुशील बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री गोपाल बहादुर कार्की | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री रमेश राउत | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री चरण गुरुङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री खड्गबहादुर बस्नेत | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री मोहनप्रसाद अधिकारी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री पदमकुमारी कार्की | गाउँ कार्यपालिका सदस्य | |
| ११. | श्री सुशिला श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १२. | श्री प्रमिला परियार | गाउँ कार्यपालिका सदस्य | |
| १३. | श्री साउनी माझी | गाउँ कार्यपालिका सदस्य | |
| १४. | श्री झपटुलाल राजबंशी | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री सुफल मुर्मु सतार | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री विष्णु कुमार थेगुवा , प्र.प्र.अधिकृत | गाउँ कार्यपालिका सचिव | |



CamScanner

**कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३०/२०७९/०८०**

## निर्णय नं.(१)

प्रस्ताव नं.(१) माथि छलफल गर्दा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत कानेपोखरी वार्ड नं.४ स्थीत श्री जनता आ.वि. बयरवनको चारकोठे विद्यालय भवनको केहि कार्य (कलर गर्ने टपको भऱ्याङमा प्लाष्टरको कार्य) बाँकी रहेको तर काम द्रुत गतिमा धमाधाम संचालन भैरहेकोले उक्त विद्यालयको बाँकी रकम उक्त विद्यालयको खातामा निकासा गरि खाता रोक्का गरि राख्ने र कार्य सम्पन्न भए पश्चात खाता खोल्ने र फरफराक गर्ने भनि सर्वसम्मतले निर्णय पारित गरियो।

## निर्णय नं.(२)

प्रस्ताव नं.(२) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिका वार्ड नं.६ रमाईलो बजार स्थीत लक्ष्मी नारायण मन्दिर परिक्रमा पथ निर्माण कार्यको लागी संस्कृति पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयबाट सशर्त अनुदान निकास भई कार्यपालिकाको निर्णय बमोजिम उपभोक्ता समिति मार्फत ड्रेन सहितको बाटो निर्माण भएकोमा उक्त कार्यको लागी तोकिएको कार्यक्रम तथा शिर्षक नमिलेको खण्डमा गाउँपालिकाको स्रोतबाट नै संघीय सरकारलाई उक्त रकम फिर्ता दिने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो।

## निर्णय नं.(३)

प्रस्ताव नं.(३) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको मातहातमा रहेको वार्ड नं.४ स्थित कानेपोखरी अस्पताल बयरवनको लागी आ.व.०७९।०८० मा विनियोजित बजेटमा कुनै शिर्षकमा विनियोजित रकमभन्दा बढि खर्च भएको तथा कुनै शिर्षकमा विनियोजन भन्दा कम खर्च भएकोले उक्त अस्पतालको विनियोजित बजेटबाट बाँकी भएको खर्च शिर्षकबाट नपुग भएका शिर्षकमा अस्पतालबाट पेश भए बमोजिमको रकमान्तरण गर्ने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो।

## निर्णय नं.(४)

प्रस्ताव नं.३ माथि छलफल गर्दा तराई मधेश समृद्धी कार्यक्रम अन्तर्गत ठेक्का व्यवस्थापन भै कानेपोखरी गाउँपालिका वार्ड नं.७ स्थित कानेपोखरी बजारमा कृषि सेडको निर्माण कार्यको थालनी गर्दै गर्दा डिभिजन वन कार्यालय, मोरङ्गबाट पत्राचार भै उक्त कार्यको रोक्का गरेको हुँदा उक्त योजना अगाडी बढाउन सकिने अवस्था नदेखिएकोले निर्माण व्यवसायीले हालसम्म गरेको कार्यको मुल्याङ्कन गरि सो बमोजिम रकम क्षतिपूर्ति दिने र उक्त ठेक्का भनि सर्वसम्मबाट निर्णय पारित गरियो।

## निर्णय नं.(५)

प्रस्ताव नं.(५) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको प्रचार प्रसार लगायत समग्र पालिकाको विकासमा कलम चलाउने निम्न बमोजिमको पत्राकारहरुलाई सम्मान स्वरुप प्रतिव्यक्ति रु.२१०००।– (एक्काइस हजार) प्रदान गरी पुरस्कृत गर्ने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो।

क) हरि कोईराला (गोरखापत्र दैनिक)

ख) दिनेश सुब्बा (ब्लाष्ट दैनिक/निगरानी अनलाईन)

**मिति २०८०।०३।२४ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय**

राजबली इद्रिसी
अध्यक्ष

विष्णु कुमार ढेगुवा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३०/२०७९/०८०

विष्णु कुमार थेबुवा
प्रमुख प्रशासकीय अधिकृत

### निर्णय नं.(६)

प्रस्ताव नं.(६) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाबाट हुने चालु खर्चलाई व्यवस्थित तथा मितव्ययी बनाउनको लागी गाउँपालिकाबाट भुक्तान हुने कर्मचारी तथा जनप्रतिनिधिहरुको बाईक मर्मत र ईन्धन खर्च हाललाई बन्द गर्ने र तत्काल कानेपोखरी गाउँपालिकाको खर्चको मितव्ययिता सम्बन्धी कार्यविधि बनाई सो बमोजिम गर्ने भनि सर्वसम्मतबाट पारित गरियो।

### निर्णय नं.(७)

प्रस्ताव नं.(७) माथि छलफल गर्दा यस कानेपोखरी गाउँपालिकामा उपभोक्ता समिति मार्फत संचालित योजनाहरुको धरौटी र कन्टेन्जीन्सी वापत रकम कटौती गर्ने कानुनी प्रावधानलाई हटाउन ऐन संशोधनको प्रकृया अगाडी निर्णय सर्वसम्मतबाट पारित गरियो।

### निर्णय नं.(८)

प्रस्ताव नं.(८) माथि छलफल गर्दा देहाय बमोजिमको निर्णय सर्वसम्मतबाट पारित गरियो।

१. वार्ड नं.७, सविता राईको घर हावाहुँरीले रुख लडाई घर किचिएको हुँदा रु.३००००।– आर्थिक सहायता दिने,
२. वार्ड नं.३, गोविन्द चौधरीको शौचालय निर्माण कार्यको लागी रु.६००००।– आर्थिक सहायता दिने,
३. वार्ड नं.४ बस्ने सीताराम मुसहरको राँगा चटयाङले मृत्यू भएको हुँदा रु.१५०००।– आर्थिक सहायता दिने,
४. हिमाल युनाईटेड FC लाई फूटबल खेलको लागी सहयोग रु.३००००।– दिने,
५. लेटाङको सिमाना देखि कानेपोखरी लोकमार्ग सम्मको सडकमा साईट प्याकिङ् र किल्यारेन्स गर्न मर्मत सम्भार कोषबाट रु.१०००००।– खर्च गर्ने।
६. कानेपोखरी अस्पतालमा कर्मचारीको कमि रहेको त्यसको लागी तत्काल कर्मचारी व्यवस्थापन नभए अस्पताल संचालनमा कठिनाई भएको र आवश्यक रहेको भन्ने व्यहोराको पत्र अस्पतालबाट प्राप्त भएकोले तपसिल बमोजिम गर्न गराउन सहमति प्रदान गर्न भनि सर्वसम्मतबाट निर्णय पारित गरियो।
   क) कानेपोखरी अस्पतालमा स्वास्थ्य विमा कार्यक्रम संचालित रहेको उक्त कार्यक्रम संचालनको लागी विमा काउन्टरमा र विमा क्लेम गर्ने कार्य समेतको लागी २ जना कर्मचारी (सहायक कम्प्यूटर अपरेटर)व्यवस्थापन गरी लेखि आएकोले अस्पतालको कोषबाट नै तलब खुवाउने गरी उक्त पदको लागी प्रचलित नियमानुसार कर्मचारी छनौट गरी करार मार्फत कर्मचारी व्यवस्थापन गर्न सहमति प्रदान गर्ने।
   ख) कानेपोखरी अस्पतालमा हाल औजार उपकरणको अति आवश्यक भई अस्पतालको सेवा प्रवाहको गुणस्तरमा नै कमि कमजोरी आउन सक्ने देखिएकोले अस्पतालबाट माग भई



राजमती इङ्नाम
अध्यक्ष
CamScanner

**कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३०/२०७९/८०**

आएका औजार उपकरण डिजीटल X-RAY with CR system,Serum electrolyte र CLIA Machine अस्पतालको कोषबाट नै खर्च गर्ने गरी प्रचलित नियमानुसार खरिद गर्न सहमति प्रदान गर्ने।

ग) कानेपोखरी अस्पतालमा दैनिक विरामीको चाप बढिरहेको र स्वास्थ्य सेवालाई उक्त व्यवस्थीत गुणस्तरीय बनाउनको लागी विशेषज्ञ सेवा समेत सुचारु गर्न परामर्श सेवा(स्त्री रोग हाडजोर्नी, मानसिक, भिडियो X-ray सेवा आदी) संचालनको लागी अस्पताल संचालन तथा व्यवस्थापन समितिले निर्णय गरि कार्य गर्ने गरी सहमति प्रदान गर्ने।

घ) "स्थानीय सेवा(गठन तथा संचालन) अध्यादेश,२०८०" दफा २८ बमोजिम कर्मचारीको तहवृद्धि गर्न सोहि दफाको उपदफा(३) बमोजिमको सिफारिस समितिमा निम्न बमोजिमका वरिष्ठ कर्मचारीहरुलाई तोक्ने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो।

१. प्रशासन सेवा सातौं तहका- गोविन्दप्रसाद फुयल

२. स्वास्थ्य सेवा छैठौं तहका- रिता कार्की

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

राजमती चुडाल
अध्यक्ष

**मिति २०८०।०३।२४ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय**

CamScanner